श्री ५ बडा महाराजा पृथ्वीनारायण शाहको
जन्म जयन्तीको पुनित उपलक्ष्यमा

श्री ५ को सरकार

संचार मन्त्रालय, संस्कृति विभागद्वारा

# प्रस्तुत हुने

( गीति नाट्य )

"पृथ्वीनारायण शाहको चार पक्ष"

को

# कार्यक्रम

राष्ट्रिय नांचघर

२०२८ पोष २७

## पात्रहरू

श्री नारायणकृष्ण
श्री कोकिल गुरूङ्ग
श्री रवी शाह्
श्री गौतमरत्न तुलाधर
श्री लीलाराज सिंह्
श्री श्याम प्रजापति
श्री कमलप्रसाद् च्त्री
श्री श्यामबहादुर थापा
श्री रामबहादुर देउजा
श्री नवीनकिशोर राई
श्री शान्तराज शाक्य
श्री रुप श्रेष्ठ
श्री उद्धव शर्मा
श्री रत्नदास मानन्धर
श्री न्हुछेमान
श्री न्हुछेबहादुर
श्री विष्णुबहादुर
श्री रवी गुरूङ्ग

सुश्री विमला श्रेष्ट
श्रीमती सरिता श्रेष्ठ
सुश्री लक्ष्मी
सुश्री रामकेशरी
श्रीमती सुभद्रा
श्रीमती वसुन्धरा
श्रीमती मन्देश्वरी
श्रीमती विणा
सुश्री सावित्री

## पृष्ठ गायक गायिका

श्री नारायणगोपाल — श्रीमती तारादेवी
श्री माणिकरत्न — श्रीमती कमला
श्री इन्द्रनारायण
श्री फत्यमान
श्री पुष्प नेपाली
श्री द्वारिकालाल

## वाद्य कलाकार

श्री रामलाल — श्री न्हुछेमान
श्री राजभक्त — श्री न्हुछेबहादुर
श्री गणेश परियार
श्री इन्द्रलाल
श्री कालु गुरुजु
श्री झलकमान
श्री जीतबहादुर
श्री सि. के. रसाइली
श्री शुभबहादुर
श्री मनश्याम
श्री रोजकपूर
श्री मोहनकृष्ण
श्री भगतसिंह
श्री नारायणदास



## रेकर्डिङ्ग

श्री वसन्त र सुदन

## रंगमञ्च

श्री नारायणकृष्ण, श्री श्याम प्रजापति
श्री उद्धव शर्मा, श्री नारायणदास
श्री नीलबाबु र श्री शान्तराज

## प्रकाश

श्री शिवप्रसाद, श्री प्रयागमान
श्री जगतबहादुर र श्री श्यामप्रसाद

## शृङ्गार

श्री कृष्णरत्न

## भेषभूषा

श्री रामबहादुर देउजा

## सहयोगी

श्रीमती कमला र श्रीमती नातिमैया

## उद्घोषक

श्री सिद्धान्तराम जोशी

## संगीत नीर्देशक

श्री नातिकाजी

## बाद्यवादक कन्डक्टर

श्री रामलाल जोशी

गीतिनाट्य निर्देशक

श्री भैरवबहादुर थापा

नृत्य निर्देशक

श्री कोकिल गुरूङ्ग

सुश्री विमला श्रेष्ठ

लेखक

श्री लक्ष्मण लोटनी



तुईन हिमालको तुषार चुलीमुनी अगाध प्राकृतिक सौन्दर्यले परिपूर्ण यो देशलाई हिमालबाट चिप्लेटी खेलेर झरेको सुन्तले घामको स्पर्शले धरतीमा झरेको शितको थोपा टल्किएझैं नेपाली राष्ट्रिय एकताका प्रतिक विशाल नेपालका जन्मदाता बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहको जन्म आज भन्दा २४६ वर्ष अगाडि गोर्खा दरवारमा भएको थियो ।

बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहले बुबाज्यू नरभुपाल शाह र मुमा कौशल्यावतीको स्नेहमाथि लालन पालनमा उचित शिक्षा पाइबक्सेको थियो । बालककाल देखिनै मौसूफको हृदयमा एक विशाल नेपाल खडा गर्ने कल्पनाले जरो हालेको थियो । मौसूफको यो कल्पनाले पछि साकार रूप लियो । छरिएका नेपाली, टुक्रिएको नेपाल एक भयो । आज हामी एक स्वतन्त्र देशका नागरिकको रूपमा हिमालझैं उच्च शिर पारेर स्वाभिमानी भै बांचेका छौं ।

बडा महाराजा श्री ५ पृथ्वीनारायण शाह दूरदर्शी, शाहसी, तथा राजनीतिज्ञ होइबक्सन्थ्यो । देशवासीमा निर्माणको होड् चलाउनु पर्दछ, आफ्नो चाहना र आवश्यकताको पूर्ति आफ्नै पौरख र आफ्नै माटोको उपजबाट गर्नु पर्दछ, विदेशी वस्तुमा रमाउनुभन्दा आफ्नै स्वदेशी वस्तुको कदर गरी देशको धन बाहिर जानबाट रोकी देशलाई

संमृद्धिशाली बनाउनु पर्दछ भन्ने मौसूफको दिव्य उपदेश आजपनि उत्तिकै ताजा छ। देशको अस्तित्व र देशवासीको स्वाभिमानमा कसैले धावा बोल्छभने प्रत्येकले त्यसको मुकाविला गर्न सक्नुपर्दछ, नेपालका गाउँ, खर्क, थुम, प्रगन्ना एकमा मात्र निर्माणको बदला विध्वंसको आगो लाग्योभने कालान्तरमा नेपाल भष्म हुन्छ भन्ने मौसूफको उद्‌गार आज पनि त्यत्तिकै खँदिलो छ।

दया, क्षमा र स्नेहले भरिएको छातीमा विशाल नेपालको चित्र कोरेर अगाडी बढिबक्सेका बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहबाट बदलाको भावना लिई विजेताको रुपमा कसैको धरतीमा पाइला राखिबक्सेन। यस हिमवत्‌-खण्डलाई खण्डित हुनबाट जोगाई सबैको आदर्शलाई आत्मसात गरी अनेकलाई एक पारी रक्षकको रुपमा मुस्कुराइबक्सियो। मौसूफले प्रत्येकलाई आफ्नो धर्म, संस्कृतिको रक्षा गर्दै एक राजाको रैती भएर स्वच्छन्द रुपले बाँच्ने अधिकार प्रदान गरी सबैलाई स्नेहले जितिबक्सियो। मौसूफको एक पटक प्यार पाएको नेपाली कहिले पनि मौसूफबाट अलग हुन चाहेन। हामी हिकालु राजाका रैती एक देशवासिन्दा भन्ने भावना सदियौँदेखि नेपालीको छातीमा दुसाएको छ जुन कुरा सन्क्षेपमा यो गीतिनाट्यमा देखाउने प्रयास गरिएको छ।



सुसारे— धामले धर्ती स्पर्श गऱ्यो युवराजाको जन्म भयो
नगरा बजाउ ढोल ठटाउ घर घर रैती खुशी मनाउ

नरभूपाल शाह– गोर्खा भरका देव देवीले आशिष देउ मलाई
पुर्खाहरूको धर्म फलोस्‌ अब शक्ति देउ यसलाई
मेरो छोरो पौरखी होस्‌ धरतीमा ठूलो राजा होस्‌
चन्द्र सूर्य झैं जगमा चम्कोस्‌ दसै दिशामा कीर्ति फिंजोस्‌
शूर बनोस्‌ अनि वीर बनोस्‌ न्यायी बनोस्‌ अनि रक्षक होस्‌
धर्म संस्कृति रक्षा गर्दै शाह वंशको ज्योति बनोस्‌

मारुनीहरू— हिंडहिंड दिदैहो मंगलको घडा भर्न जाउँ
चुरी बजाइ छिनीनी धरतीको निदरी हटाउ
लच्छिनकी कुमारीहो थलियामा हिरा मोती ल्याउ
धरतीको मजेरीमा अमृतको अंखेरी खन्याउ
शगुनको धुनमा अविरल खोलानाला गाउ
देवदेवी आउँछन रे अगेनीमा सूनको कुची लाउ

कोते— हाम्रो त हजुर के जस्तो बिहानीको घाम जस्तो
हाम्रो त हजुर के जस्तो पूर्णिमाको जून जस्तो
हाम्रो त हजुर के जस्तो हिमचूलीको मूल जस्तो
हाम्रो त हजुर के जस्तो नवैलाउने फूल जस्तो
निधार हाम्रो हजुरको बिहानी हिमाल जस्तो छ
पाखुरी हाम्रो हजुरको पहरा जस्तो सान्हो छ
गोरखनाथ बाबाले हजुरको रक्षे गर्दछ
मनकामना माइले हजुरको रक्षे गर्दछ

द्वारे — न्याय चाहियो हजुर न्याय चाहियो
राजा भाको देशमा पनि थिचोमिचो भो
मेरो बारीको हजुर उखु भाँचियो
खानु खाए बाँकी बेमाख पारियो

रानी— बाबु यता आउ नानी यता आउ
झूटो बोल्नु हुन्न तिमी सत्य कुरा ल्याउ
यो द्वारेको बारीभित्र किन पसेको
खानु खाइ अरू बेमाख किन गरेको
भोलि तिमी यो देशको राजा हुनेछौ
घाम जून जस्तै तिमी फैली दिनेछौ

बाल-पृथ्वीनारायण- उल्ले दियो गोल ताछेको सात टुक्रा खाएँ
भैगो मुमा माफ पाउँ मैले बिराएँ
मैले आफ्नो प्रजालाइ दूःख पुऱ्याएँ
भैगो मुमा माफ पाउँ मैले बिराएँ



नरभूपाल — यो राजाको घर हो, हिरा र मोति मात्रै छैन
न्याय को पनि मन्दिर हो, यो राजाको घर हो
प्रजा को दुःख नै हाम्रो दुःख हो
प्रजाको सुख नै हाम्रो सुख हो

रानी— घरबाट बाहिर गै खान हुँदैन
फेरि यस्तो भयो भने म त सहन्न
सात माना खुदो दिनु गाउँको द्वारेलाइ
ढोका बन्द गरिदिनु कोते बूढालाइ

पृथ्वीनारायण- अरूको भरमा पर्नु हुँदैन
आफ्नै भरमा जिउनू
दर्बिलो खुट्टा टेकी सबैले
गर्विलो आँखा पार्नू
रैतीहरूमा सीप बढ्योभने देशको नशीब खुल्छ
हिमचुलीको सुन्तले घाम झैं हाम्रो देश यो बन्छ
तान चलाउनू चर्खा कात्नू
रूओ उमारी कपडा बुन्नू
आफ्नै नाच र गानमा रम्नू
स्वाभिमानी भै हिँड्नू
सूनले ढुकुटी भर्नू, सून भनेको देशको धन हो
त्यसको रक्षा गर्नू
हेर फिरंगी पस्लान् चुस्लान् सबले रक्षा गर्नू

प्रहरी— हजुर ब्युँझि बक्सियोस्
पाटनेहरूसंग मतो मिलाई
फेरी फिरंगी आयो रे
गोलीगट्ठा बन्दुक बोकी
धावा बोली सक्यो रे

पृथ्वी नारायण- ब्युँझ हे प्रहरेदारहो
गुराँस कसैले टिपिदिन्छ कि
गस्ती गर्न ब्युँझ
सर्पको आँखा सापट मागी
पहरा गर्न ब्युँझ
मान्छे भैकन बाँच्नको लागि
शिवको हाँक ली ब्युँझ
शहीदहरूको रक्त उमालो
स्वाभिमानीहो ब्युँझ

सिपाहीहरू— लड्छौं बढ्छौं देशको लागी मर्छौं मिट्छौं
हामी अगाडी बढ्छौं रे
लड्छौं बढ्छौं
शंकरको तीन आँखा बन्दै बैरी खरानी पार्छौं रे
बज्र बनिकन धावा बोल्छौं कालको सामु जान्छौँ रे
हार भनेको कहिले सुनेनौं जीतको नाद फुक्छौँ रे



गोरखनाथको आशिष थापी
देशको रक्षा गर्छौं रे
हामी कसैलाइ हेप्दैनौं बलियो मानी झुक्दैनौँ
मित्रहरूको रक्षा गर्छौं बैरीको छाती फोर्छौं रे

पृथ्वी नारायण- सुन मेरा प्यारा रैती आज सुनौलो जीत भो
गोर्खा मात्रै हाम्रो छैन हाम्रो धरती चौडा भो
जीतको जोशले होश नराखी बिगार कसैको नगर्नू
यी पनि मेरा तिमी पनि मेरा एकै देशका रैती ठान्नू

समूह-- उसको ममता मेरो भो अब मेरो ममता उसको भो
एकै देशका सन्तति हामी हाम्रो संस्कृति यौटै हो
कर्म र मर्म यौटै भो अब सुख दुख हाम्रो एकै भो
एकै स्वरमा गीत उठोस् अब सबको ममता यौटै भो
हाम्रो तराइ हाम्रो हिमाल पाखा पर्वत हाम्रो
बाहुन क्षेत्री नेवार गुरुङ् दाजु भाइ हाम्रो
कोशी गण्डकी काली हाम्रो डाँफे कस्तुरी हाम्रो
गुम्बा मन्दिर देवल हाम्रो बुद्ध र हिन्दू हाम्रो
ढोलक डम्फु मादल हाम्रो च्याब्रुङ्ग सोरठी हाम्रो
धोती दौरा बख्खु हाम्रो डोको खर्पन हाम्रो

समूह-- हो हो मेचीदेखि काली बस्ने हामी नेपाली
जेठो दाजु कान्छो भाइ हामी नेपाली
[नारायण हरि हरि

ईश्वरले शृष्टि गरे तिमी हामीलाई
नभचर जलचर सबै जीवलाइ
नेपालीले नेपालीलाई होच्याउन हुन्न
जात भात थिचो मीचो अब गर्न हुन्न
[ नारायण हरि हर

ईषले खोल्छ कर्मको ढोका खोल्दैन द्वेषले
प्रेमले मिल्छ शान्तिको फूल पाइदैन रीसले
[ नारायण हरि हर

यो धर्तीको कुना कुनामा जहाँ पुगे पनि
नेपालीको सुख दुख आफ्नै धर्ती मुनी
अब हामी गीत गाउँ आफ्नै दुक्दुकीमा
हाम्रो जीत अडेकोछ हाम्रै पौरषमा
मेचीदेखि काली रिङ्गै झिलमिल पारिद्यौ
सगर ढाकोस् झिलका धूवां पसिना झारिद्यौ
जेठो दाजु कान्छो भाइ हामी नेपाली

पृथ्वीनारायण- सबलाइ सुख होस्, सबको जय होस्, हाँसुन् धर्ती माता
ज्योतिर्मय होस् जीवन हाम्रो जागोस राष्ट्रिय गाथा
यी हाम्रा दुइ हातले हर्दम् शुभ कर्म गरिरहुन्
यी हाम्रा दुइ कानले हर्दम् शुभ शद्व सुनिरहुन्

जय होस् जय होस् नेपालीको
जय होस् राजा तिम्रो

देश सबले साझा भन्छौं
माया गर्छौं तिम्रो

जय होस् जय होस् नेपालीको
जय होस् राजा तिम्रो

—★—



मुद्रकः— संकटा प्रिन्टिङ्ग प्रेस, टेबहाल, काठमाडौं ।